# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारीद्वारा बझाङको साइपालमा एभरेष्ट बैंकको शाखा उद्घाटन

गभर्नर महाप्रसाद अधिकारीले माघ २८ गते बझाङ जिल्लाको साइपालमा एभरेष्ट बैंक लिमिटेडको शाखा कार्यालय उद्घाटन गर्नुभयो ।



बझाङको उत्तरपूर्वी साइपाल गाउँपालिका वडा नं. १ स्थित धलौनमा उक्त शाखा सञ्चालनमा आएको हो । उक्त शाखाको सञ्चालनसँगै ७५३ वटै स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकको वित्तीय सेवा विस्तार भएको छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले सबै पालिकामा वाणिज्य बैंकको शाखा खोली बैंकिङ सेवा पुर्‍याउने अभियानले पूर्णता पाएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "सबै पालिकामा शाखा पुर्‍याउने लक्ष्यले आज पूर्णता पाएको छ । योसँगै बैंकिङ सेवाका लागि सदरमुकाम धाउनुपर्ने साइपालबासीको बाध्यता पनि अन्त्य भएको छ ।" साइपालमा शाखा स्थापना भएसँगै स्थानीयस्तरको आर्थिक क्रियाकलाप गतिशील बन्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा साइपाल गाउँपालिकाका अध्यक्ष मानबीर बोहरा, एभरेष्ट बैंक सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्य, प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, नेपाल राष्ट्र बैंक धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसी, गाउँपालिकाका वडा अध्यक्षहरु, स्थानीयबासी लगायतको उपस्थिति थियो ।

नेपाल राष्ट्र बैंकले मुलुकका सबै स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकको कम्तीमा एउटा शाखा स्थापना गर्ने नीति अख्तियार गरेको थियो । त्यसअनुरूप २०७८ असारमा धादिङको रुबीभ्याली गाउँपालिकामा वाणिज्य बैंकको शाखा स्थापना भएपछि बझाङको साइपाल गाउँपालिकामा मात्रै वाणिज्य बैंकको सेवा विस्तार हुन बाँकी थियो ।

नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा समेत बझाङको साइपालमा वाणिज्य बैंकको शाखा स्थापनाको विषयलाई प्राथमिकतामा राखिएको थियो ।

**२०८१ माघ २९ गते** | **गभर्नरको कार्यालय**